हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १७६ पृष्ठ : ४ २०७७ माघ १४ गते बुधबार (Wednesday 27 January 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

• चिसोको कहर •

## अवसर फाउण्डेशनद्वारा एक हजार परिवारलाई कम्बल वितरण




**लहान ।** अवसर फाउण्डेशनद्वारा सिरहाको ठाउँठाउँमा कम्बल वितरण सुरू भएको छ । पहिलो चरणमा लहान नगरपालिका-१४ बस्तीपुरमा कम्बल वितरण गरिएको हो । त्यहाँ ३ सय परिवारलाई कम्बल वितरण गरिएको छ । वडा नम्बर १०,११,१४ र १५ नम्बरका गरिब विपन्न परिवारलाई कम्बल वितरण गरिएको छ । कम्बल वितरण गर्न फाउण्डेशनका तर्फबाट प्रेम प्रकाश (पीपी) खेतान तथा संतोष सिलवाल गिरी, लक्ष्मण गिरी आएका थिए । अवसर फाण्डेशन खेत्तान परिवारहरूको परोपकारी संस्था हो । लहान नगरपालिका, भगवानपुर गाउँपालिका,

बाँकी ४ पेजमा

टेलिफोन नं. ०३३-६९२९२८ दर्ता नं. १२५४४०/०७१/०७२

### श्रमजिवी केयर हस्पिटल प्रा.लि.
धनगढीमाई-११, सोनापुर,सिरहा

### कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति २०७७।१०।११ गते

यस अस्पतालका लागी निम्न कर्मचारीहरुको आवश्यक भएको हुनाले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अस्पतालमा आई सम्पर्क राख्नुहुन सुचित गरिन्छ ।

तपसिल

| क्र.सं. | पद | संख्या | योग्यता |
|---|---|---|---|
| १. | MBBS, MS, अर्थोपेडीक | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| २. | MBBS, MS, जनरल सर्जन | १ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ३. | MBBS | २ | काउन्सिल दर्ता भई दुई वर्ष अनुभव भएको |
| ४. | STAFF NURSE | २ | PCL NURSING उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ५. | ANM | ३ | ANM उत्तीर्ण गरी दुई वर्ष अनुभव भएको । |
| ६. | स्वयमसेविका धनगढीमाई न.पा.को प्रत्येक वडाबाट १ जना गरी | १४ | स्वास्थ्य सम्बन्धी अनुभव भएको तथा सुडेनी तालिम प्राप्त भएकोलाई विशेष प्राथमिकता । |

नोट :- तलव तथा अन्य सुविधा हस्पिटलको नियमानुसार हुने छ ।

सम्पर्क
श्रमजिवी केयर अस्पताल प्रा.लि.
धनगढीमाई -११, सोनापुर (सिरहा)
सम्पर्क नं. { ९८५२८३१०३२/९८०१५००४८१
९८४२८२८१९१/९८१८२२९०४७

सूचना ! सूचना !! सूचना !!!

MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा



रु. १५,०००।- देखि रु.३०,०००।- सम्मको बम्पर छुट

यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।

गिफ्ट किसिम :
- a) Led TV-24"
- b) Fridge - 170 Ltr.
- c) Leveller



हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८

### बगैंचा सहितको जग्गा बिक्रीमा

लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०

छिटो भनेको WORLDLINK
*Terms and Conditions Apply



SPEEDमा BOOST नगदमा छुट
3C 25 Mbps Rs. 1,250*
6C Rs. 2,700 Rs. 2,200*
FREE
Enjoy 100+ HD Channels
& 150+ SD Channels FREE with WorldLink
Lahan office: 033-561429, 033-561430 I Mirchaiya: 033550505, I Golbazar: 9801186055, I Kalyanpur: 031-540229




### फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सिरहामा नि:शुल्क स्वास्थ शिविर सम्पन्न



राजेन्द्र महतो

लहान । सिरहाको सुखीपुर नगरपालिका वडा नं०८ मा रहेको जन जागृति युवा क्लब सुखीपुरको आयोजना र श्रमजिवी केयर अस्पतालको सहकार्य रहेको एक दिने सम्पुर्ण स्वास्थ चेकजाँच नि:शुल्क शिविर सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षाता नवनिर्वाचित कार्यसमितिको अध्यक्ष मुरली प्रशाद महतोले गरेका थिए ।

सहुलियत एवं गुणस्तरीय सेवा हाम्रो प्रतिवद्ताका साथ अयोजित कार्यक्रममा सुखिपुर व्यापारी समिति का अध्यक्ष शत्रुधन प्रशाद चौधरी, नगर सुधार समितिका अध्यक्ष बि पी भुवन यादव, जन जागृति युवा क्लब सुखिपुरका पुर्व अध्यक्ष सुशील निरौला, पुर्व सचीव बिजय निरौला, क्लबको संन्थापक सचिब ज्ञान प्रशाद साह, महिला, विद्यार्थी, पत्रकार, समाजसेवी, स्थानीयहरू करिब १०० जना को सहभागिता रहेका थिए ।

सो शिविर मा गरिब, दलित, विपन्न परिवार लाई विशेष ध्यानाकर्षित गरि सेवा र सुविधा दिएको थियो । श्रमजिवी केयर अस्पतालको बरिस्ठ डाक्टरहरु समूह रहेका उक्त शिविरमा चेकजाँच देखि लिएर ओषधीहरु नि:शुल्क वितरण गरेका छ्न। उक्त नि:शुल्क कार्यक्रम सुखिपुर नगरपालिकामा पहिलो पल्ट भएकोमा स्थानीय निकै खुशी, हर्शित्त भएका छन।

सिरहाटाईम्सबाट


भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

# समाजवादी क्रान्तिका लागि नयाँ ढंगको कम्युनिस्ट पार्टी

प्रेमलकुमार खनाल



मुलुकमा २०२-६३ को पुँजीवादी जनवादी राजनीतिक क्रान्तिको सफलतासँगै क्रान्तिका उपलब्धिलाई संस्थागत गर्न जारी भएको संविधानले जनतामा सार्वभौमसत्ता निहित रहने, बहुदलीय संघीय शासन प्रणाली, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्रसहित सामाजिक न्याय, विकास र समृद्धि हासिल गर्दै मुलुकलाई समाजवादी दिशामा अगाडि बढाउने दिशाबोध गरेपछि मुलुकमा क्रान्तिको अर्को चरणमा प्रवेश गरेको छ ।

संविधान निर्माणसँगै भएको निर्वाचनमा नेकपाले दुई तिहाइको हाराहारीमा जनमत प्राप्त गरेर केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन भएर सरकारले पार्टीभित्र तीनवटा नीति, कार्यक्रम र बजेट ल्यायो ।

तर, बजेटले समाजवादको आधार निर्माण गर्ने दिशामा सम्बोधन गर्न सकेन । उही ३० वर्ष देखि अवलम्बन गर्दै आएको नवउदारवादी पुँजीवाद र दलाल पुँजीवादलाई प्रोत्साहन गर्ने काम गऱ्यो । सरकारबाट नवउदारवादले सिर्जना गरेको शिक्षा, स्वास्थ्य, खाद्यान्न, खानेपानी, सार्वजनिक यातायात, प्राकृतिक स्रोतसाधन, जलस्रोत, वनजंगल, उद्योग, खनिज खानीमा भइरहेको व्यापारीकरण, निजीकरण, दलालीकरण र माफियाकरणलाई अन्त्य गर्न सार्वजनिक स्वामित्व कायम गर्दै सार्वजनिक लगानी वृद्धि गरेर जाने दिशामा काम गर्नेतर्फ ध्यान पु(याएको देखिएन ।

पार्टी भर्खरै एकता भएको र पार्टी एकीकरणको काम पनि नटुंगिएको अवस्थामा सरकारका जेजस्ता नीति, कार्यक्रम र बजेटलाई सत्तारूढ दलले संसद्बाट समर्थन गर्दै भित्री रूपमा कमीकमजोरीलाई आलोचना र सुधारात्मकको दिशामा अन्तरसंघर्ष चलाउने निर्णय गऱ्यो । कम्युनिस्ट पार्टीभित्र सुधारको तरिका नै यही नै हो । तर, प्रधानमन्त्री ओलीले पार्टीभित्र उठेको गुनासो, आलोचना, टिप्पणी र सुझावलाई गम्भीरतापुर्वक लिन सकेनन् र समस्या सिर्जना हुँदै आयो ।

अब दोस्रो नयाँ पुस्ताबाट नेतृत्व गर्ने आधार निर्माण गरेर मात्रै नयाँ पुस्ताले अभिभारा र चुनौती पूरा गर्न आँट देखाउन सक्नेछ । पार्टीभित्र तत्काल सुधार गर्ने, सरकारलाई पार्टीको समाजवादी नीति र जनमुखी काम गर्न दिशा निर्देश गर्ने जुन अभिभारा थियो, त्यसलाई सहमति र समझदारीपूर्वक गर्दै जाने र प्रधानमन्त्रीले बाँकी दुई वर्षको अवधि सरकार सञ्चालन, सरकारले मत्वपूर्ण निर्णय गर्दा पार्टीको परामर्श र सहमतिमा गर्ने भाद्र २६ को स्थायी समितिले निर्णय ग(यो । पार्टीबाट सर्वसम्मत संसदीय दलको नेता हुँदै प्रधानमन्त्रीले पार्टीभित्र विश्वास गुमाउने स्थिति भयो ।

अहिले विधानविपरीत १२ सयभन्दा बढी व्यक्तिहरु केन्द्रीय सदस्यहरु नियुक्ति गरेर नेकपाभित्र आफैं नै बहुमतमा रहेको प्रचार गरिएको छ । यता संसद् विघटनको घटनाले संविधानको उल्लंघन भएको छ । लोकतन्त्र, दलीय व्यवस्थामा पार्टीको भूमिका र परिवर्तनका उपलब्धिमा गम्भीर प्रहार गरेको छ । संसद् विघटनको घटनाले 'कोही मऱ्यो होइन, काल पल्क्यो' भन्ने चरितार्थ पुष्टि भई अब एकपछि अर्को गर्दै अन्य असंवैधानिक कदम चाल्न सक्ने गम्भीर स्थिति उत्पन्न भएको छ ।

मुलुकमा संसद् विघटन भएपछि राजनीतिक ध्रुवीकरण हुन थालेको छ । राजनीतिक संकटसँगै देशको राष्ट्रियतामा थप चुनौती खडा हुन थालेको छ । राजनीतिक संकटले देशलाई झन् द्वन्द्वतिर धकेल्ने स्थिति उत्पन्न गरेको छ । यथास्थितिवादी, राजावादी शक्ति र दक्षिणपन्थी शक्तिहरु सल्बलाउन थालेका छन् । पूर्वपञ्च, राजावादी कानुन व्यवसायीहरूले त संसद् विघटनको पक्षमा खुलेर बहस गर्न थालेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले संसद् विघटन गरेपछि सत्तारूढ पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा) राजनीतिक हिसाबले विभाजन भएको छ ।

नेकपाभित्र बहुमत केन्द्रीय कमिटीले प्रधानमन्त्रीले चालेको यो कदम असंवैधानिक भएको ठहर गर्दै, अग्रगमन, विकास, समृद्धि र समाजवादको दिशामा अगाडि बढाउनुपर्ने युगिन अभिभारालाई संसद् विघटनको घटनाले गत्यारोध सिर्जना गरेको छ र यो घटनाले देश अग्रगमनतर्फ होइन, प्रतिगमनतर्फ अगाडि बढेको ठहर नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले गरेको छ । र, नेकपाले प्रतिगमन विरोधी आन्दोलनलाई अगाडि बढाउने सिलसिलामा जनतामा सचेतनता अभिवृद्धि गर्न, जनपरिचालन गर्न र प्रतिगामी कदमविरूद्ध जनआन्दोलन सृष्टि गर्न शान्तिपूर्ण जनपरिचालन र आन्दोलनका कार्यक्रमलाई अगाडिको बढाएको छ ।

संसद् विघटनको घटनालाई नेकपाले मात्रै होइन, प्रमुख प्रतिपक्षी पार्टी नेपाली कांग्रेसले समेत असंवैधानिक कदम ठहर गर्दै देशव्यापी रूपमा जनपरिचालन र जनसभा सञ्चालन गर्दै आएको छ । यस्तै, जनता समाजवादी पार्टीलगायत अन्य वामपन्थी, समाजवादी पार्टीसहित २०(२१ वटा पार्टीले संयुक्त मोर्चा बनाएर असंवैधानिक कदमको विरोध गरेका छन् । यसै विभिन्न पेसाकर्मी बुद्धिजीवीहरु सबै नै यतिबेला संसद् विघटनको कदम असंवैधानिक हो भनेर संविधानको रक्षाका लागि सामूहिक ढंगले आह्वान गरिरहेका छन् ।

यसरी देशका प्रमुख राजनीतिक पार्टीहरु, वुद्धिजीवीहरूले असंवैधानिक कदम भनेर विरोध गरिरहेको स्थिति छ भने स्वयं प्रधानमन्त्री संसद् विघटन संवैधानिक नै भएको र यो प्रधानमन्त्रीको विशेषाधिकार ( प्रेरोगेटिभ राइट) भएको भनेर गलत दाबी गर्दै हिँडिरहेका छन् । आशा गरौं, अदालतबाट संविधानको सही व्याख्या गरेर संविधान निर्माण हुँदाको विधायिकी मनशाय र स्पिरिट, बहस तथा आन्दोलनको भावनाअनुरूप राजनीतिक स्थिरता कायम गर्ने गरी फैसला हुनेछ । कम्युनिस्ट पार्टीले राज्य सञ्चालन गर्दा जनताको जीवनस्तर माथि उठाउनेगरी समाजवादी आर्थिक–सामाजिक नीति तय गरेर लागू गर्नुपर्ने खाँचो छ

संविधानले दिशावोध गरेबमोजिम समाजवादी क्रान्ति गरेर समाजवादको दिशामा मुलुकलाई अगाडि बढाउने युगीन अभिभारा कम्युनिस्ट आन्दोलनको मूलधारको पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)सामु नै छ । समाजवादी क्रान्ति शान्तिपूर्ण तवरले संविधानले दिशानिर्देश गरेकै बाटोबाट अगाडि बढाउने स्थिति छ । समाजवादको दिशामा मुलुकलाई अगाडि बढाउनका लागि नेकपाले नै नेतृत्वकारी भूमिका निर्वाह गर्नुपर्दछ । नेकपाका सामु समाजवादी नीतिका साथ समाजवादी क्रान्ति गर्ने सुस्पष्ट कार्यनीतिक कार्यदिशाका साथ नयाँ ढंगले अगाडि बढ्नुपर्ने अभिभारा छ ।

समाजवादी क्रान्तिको अगुवाइ गर्ने पार्टीलाई अब नयाँ ढंगको कम्युनिस्ट पार्टीको रूपमा निर्माण र सञ्चालन गरिनुपर्छ । संसदीय पेरीफेरीभन्दा माथि उठेर समाजवादी क्रान्ति सम्पन्न गर्न विचार, संगठन, नेतृत्व र कार्यशैलीको हिसाबले नयाँ ढंगको पार्टीको रूपमा विकास गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । मार्क्सवादी विचारबाट लेस भएका नेता तथा कार्यकर्ताको अभावमा कम्युनिस्ट पार्टीलाई क्रान्तिकारी पार्टीको रूपमा विकास र रूपान्तरण गर्न सकिन्न । मार्क्सवादी लेनिनवादी विचारले लेस भएर तदनुरूप पार्टी सञ्चालन भएको भए असंवैधानिक कदमसहितका घटना घट्न सक्दैनथ्यो भन्ने सच्चाइलाई यतिबेला नेकपाले आत्मसात् गर्नुपर्ने भएको छ ।

अब पार्टीलाई नयाँ ढंगले सञ्चालन गर्न लेनिनवादी सिद्धान्त र पद्धतिलाई दृढतापूर्वक आत्मसात् गरेर व्यवहारमा लागू गर्नुपर्ने खाँचो छ । अब पार्टीभित्र एक जना, दुई जनाबाट निर्णय हुने, सामूहिक छलफल नगर्ने, कमिटी पद्धतिलाई व्यवहारमा लागू गरेर व्यक्तिवाद र स्वेच्छाचारी प्रवृत्तिलाई अन्त्य गर्ने दृढताका साथ अगाडि बढाउनुपर्दछ ।

पार्टीभित्र कार्यसम्पादनमा आधारित मूल्यांकन पद्धति, योग्यता क्षमताका आधारमा व्यक्तिलाई सामूहिक निर्णयबाट जिम्मेवारी प्रदान गर्ने, पार्टी कार्यर्त्ता मा क्रान्तिकारी आशावाद जगाउने ढंगले नीति र कार्यसम्पादन प्रणालीको आजको आवश्यकता छ । यस्तै अब पार्टीका नेता र कायकर्ताको जीवनशैलीलाई जनताको जीवनसँग जोडिने गरी सर्वहारावादी जीवन शैली

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज महिला मित्रबाट विशेष सहयोग मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । बैदेशिक र न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** :- विद्या र बुद्धिको विकास हुनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । व्यापारमा रूची बढ्नेछ । बित्तिय संस्थाबाट सहयोग पाईनेछ ।

**मिथुन**:- छोटो दुरीको लाभदायक यात्रा हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । शत्रु पराजित पनि हुनेछन् ।

**कर्कट** :- अनावश्यक ठाउँमा धन खर्च होला । स्वास्थ्यमा स्मस्या आउँदा धन खर्च हुनेछ । मनमा चञ्चलता समेत बढ्नेछ, तर आफन्तले सहयोग गर्नेछन् ।

**सिंह**:- आज रमणीय र सुखद् यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ । वैदेशिक कार्यहरूमा सफलता मिल्नेछ । धार्मिक कार्यमा रूचि बढ्नेछ ।

**कन्या** :- आज घरमा अतिथीको आगमन हुनेछ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला । घर,जग्गाको कारोबारमा सफलता पनि मिल्नेछ ।

**तुला** :- आज लामो समय देखि रोकीएको अधुरो कार्यले पूर्णता पाउनेछ । आयआर्जनका क्षेत्रमा सुधार आउनेछ । शेयर बजारमासमेत सफलता मिल्नेछ ।

**वृश्चिक** :-मनमा शंका उत्पन्न हुनेछ । पारिवारिक उल्झनमापरि काम विग्रिएला । अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । स्वास्थ्यमा खर्च बढ्नेछ ।

**धनु** :- आज कार्यक्षेत्रमा प्रगती हुनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ ।

**मकर**:- नयाँ काम वा रोजगार पाईनेछ । जोश जाँगर र उमंग बढ्ला । आर्थिक कारोवारमा सफलता पाइएला । वोलीको भरमा कार्य सम्पादन हुनेछ ।

**कुम्भ**:- धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ । समाजसेवामा मन लाग्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । लाभदायक यात्राको योग छ ।

**मिन** :- धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । अचल सम्पत्ती हात पर्ने योगछ । पारिवारिक सुख समेत मिल्नेछ ।

# बरियारपट्टी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बरियारपट्टी, सिरहा

प्रदेश नं. २, नेपाल

## कृषि विकास शाखा

## पकेट विकास कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आव्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७७।१०।१३**

यस बरियारपट्टी गाउँपालिका, कृषि विकास शाखाको आ.व. २०७७।०७८ को सशर्त बार्षिक कार्यक्रम अनुसार प्रधान मन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम यस गाउँपालिकाको तपसिल बमोजिमको वडाहरुमा तपसिल अनुसारका बाली र क्षेत्रफलमा संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषि समुह/कृषि हकारी/जल उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र वा (२०७७।१०।१९ गते भित्र) बरियारपट्टी गाउँपालिकाको कृषि विकास शाखामा तोकिएको ढाँचा अनुसार प्रस्ताव आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र.सं. | संचालन हुने स्थानको नाम | पकेट संचालन हुने बाली | आवश्यक क्षेत्रफल |
|---|---|---|---|
| १ | बरियारपट्टी गाउँपालिका वडा नं. १ र २ | तरकारी | ३०-०-० (बिगहा) |
| २ | बरियारपट्टी गाउँपालिका वडा नं. ३ | सुर्यमुखि | ३०-०-० (बिगहा) |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१) अनुसूची १० बमोजिमको प्रस्ताव आवेदन फाराममा रु. १० को टिकट टाँसी आवेदन दस्तुर रु. २००।- को नगदी रसिद ।

२) सम्बन्धित निकायमा कृषि समुह/कृषि सहकारी /जल उपभोक्ता समिति /कृषि फर्मको नविकरण भएको प्रतिलिपी ।

३) कृषि समुह कृषि सहकारी जल उपभोक्ता समिति कृषि फर्मको PAN वा VAT दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

४) स्थानीय सम्भव्यताका आधारमा कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन)को स्वामित्व खुल्ने कागजात (लालपूर्जा) वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौता पत्र भएको जग्गा चक्लाबन्दि भएको वा हुन सक्ने वा एउटै कोरिडोरमा हुनु पर्ने ।

५) निवेदकको नागरिकता प्रमाणपत्रको र कार्य समितिको निर्णयको प्रतिलिपी ।

६) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

७) पकेट विकास कार्यक्रम स्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८) स्थानीय वा अन्य कुनै निकायबाट पकेट चक्लाबन्दि खेती वा जोन संचालन गरेको कृषक समुह कृषि सहकारी वा अन्यले निवेदन दिन पाउने छैन ।

९) अनुसूची ७ बमोजिम आधारभूत तथ्यांक फारम अनिवार्य रुपमा भरेको हुनु पर्नेछ ।

... लाल यादव
पशु सेवा संयोजक

प्रमुख प्रशासकीय अधिकृत

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# बरियारपट्टी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बरियारपट्टी, सिरहा
प्रदेश नं. २, नेपाल

### पशु सेवा शाखा

**विषय : साना अव्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन सम्बन्धित प्रस्ताव आव्हानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति २०७७।१०।१३**

यस बरियारपट्टी गाउँपालिकाका पशु सेवा शाखाको चालु आ. व. २०७७।०७८ को सर्शत अनुदान तर्फ स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रधान मन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत भैंसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम अनुसार यस गा.पा. भित्र १ वटा क्लष्टरमा संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक पशु समुह/कृषि पशु सहकारी संस्था/जल उपभोक्ता समिति /कृषि पशु फार्म/कृषि पशु उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र अर्थात मिति (२०७७।१०।१९ गते भित्र ) यस कार्यालयमा तोकिएको ढाँचानुसार प्रस्ताव/आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस सम्बन्धमा थप जानकारीको लागी यस कार्यालयको पशु सेवा शाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र. सं. | पकेट संचालन हुने स्थान | पकेट संचालन हुने पशुवस्तु | आवश्यक संख्या |
|---|---|---|---|
| १ | बरियारपट्टी गाउँपालिका | भैंसी | उन्नतमा १०० वर्णशंकर वा स्थानीयमा २०० |

**आवश्यक कागजातहरु**

१. अनुसूची १०, बमोजिम प्रस्ताव/आवेदनमा रु. १० को टिकट टाँसी आवेदन दस्तुर रु. २००।– को नगदी रसिद ।
२. सम्बन्धित निकायमा कृषक पशु समूह/कृषि पशु सहकारी संस्था/जल/कृषि पशु फार्म/कृषि पशु उद्यमीहरुको दर्ता तथा नविकरण भएको प्रतिलिपी ।
३. समूह/सहकारी/जल उपभोक्ता समिति /कृषि पशु फार्म/उधमीहरुको VAT वा PAN दर्ता प्रमाण पत्र र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
४. स्थानीय सम्भव्यवताको आधारमा कार्यक्रम चालन हुने पशु संख्याको स्वामित्व खुल्ने गरी एउटै कोरिडोरमा हुनुपर्ने ।
५. निवेदकको नागरिकता प्रमाण पत्र र कार्य समिति निर्णयको प्रतिलिपी ।
६. संचालित वडा कार्यालयको सिफारिस ।
७. सरकारी वा अन्य निकायबाट भैंसी पकेट /ब्लक, जोन कार्यक्रम संचालन गरेको समुह/सहकारी/जल/कृषि पशु फार्म/उद्यमीहरुले आवेदन दिन पाउने छैन ।
८. अनुसूची ७ बमोजिम पकेटको आधारभुत तथ्यांक फारम अनिवार्य रुपमा पेश हुनुपर्ने छ ।

पशु सेवा संयोजक

प्रमुख प्रशासकीय अधिकृ.

## अवसर ...

लक्ष्मीपुरपतारी गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका र धनगढीमाई नगरपालिकाको विभिन्न वडामा कम्बल वितरण गरिनेछ ।

जसको लागि समन्वय सिरहा क्षेत्र नम्बर १ का सांसद प्रदीप गिरीले गरेका छन् । चिसोले प्रताडित भएका वृद्धवृद्धाहरू कम्बल पाएपछि हर्षित छन् । यसैबीच, अवसर फाउण्डेशन र एपोलो ऊँ स्कुलको सहयोगमा मंगलबार लहान नगरपालिका–१३ मा ६० परिवारलाई कम्बल वितरण गरिएको छ ।

समाजसेवी महेश चौधरी र संगिता कर्माचार्यले उक्त कम्बल वितरण गरेका हुन । चौधरी नेपाली कांग्रेसका जिल्ला सदस्य र कर्माचार्य कांग्रेस निकट नेपाल महिला संघकी केन्द्रिय सदस्य हुन ।

## समाजवादी ...

अवलम्बन गर्ने नयाँ नीति र पद्धतिका साथ पार्टी सञ्चालन गर्ने नीतिले निश्चित रूपमा नयाँ पार्टी निर्माण र सञ्चालनको आधार तयार हुनेछ ।

नेतृत्वको विकास र हस्तान्तरणको विषय पनि यतिबेला गम्भीर महत्वका साथ कम्युनिस्ट आन्दोलनमा उठिरहेको छ । अब दोस्रो नयाँ पुस्ताबाट नेतृत्व गर्ने आधार निर्माण गरेर मात्रै नयाँ पुस्ताले अभिभारा र चुनौती पूरा गर्न आँट देखाउन सक्नेछ । यसैगरी अनुभवी पहिलो पुस्ताको अनुभव र योगदानलाई पार्टीले सम्पत्तिको रूपमा ग्रहण गरेर नै पार्टी झन् गतिशील हुनेछ ।

यस्तै, अब कम्युनिस्ट पार्टीले राज्य सञ्चालन गर्दा जनताको जीवनस्तर माथि उठाउनेगरी समाजवादी आर्थिक सामाजिक नीति तय गरेर लागू गर्न पर्ने खाँचो छ । सरकारमा गएर दलाल पुँजीवादलाई परास्त गरेर नीतिसँगै राष्ट्रिय पुँजी निर्माण गरेर स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने सुस्पष्ट नीति तथा कार्यक्रमको खाँचो छ । *साभार : राजधानी दैनिक डटकम*

## पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.
लहान न.पा.–१८, अमही (सिरहा)
शाखा कार्यालय लहान –६, नयाँ बजार

## कर्मचारी आवश्यकता

**प्रथम पटक प्रकाशित मिति २०७७।१०।०७ गते**

यस पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान–१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | एस.एल.सी./ + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

सम्पर्क :– ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)